# कृषि विकास बैंक लिमिटेड
## वार्षिक साधारणसभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७६/०९/०६ गते)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस बैंकको मिति २०७६/०९/०३ गते ४:१५ बजे बसेको सञ्चालक समितिको बैठक न ७८८ को निर्णयानुसार यस बैंकको तेह्रौ वार्षिक साधारणसभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

### सभा बस्ने मिति, समय र स्थान
(१) मिति : २०७६/०९/२७ गते आईतबार (Jan 12, 2020)
(२) समय : विहान ११:०० बजे
(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रीय तालिम प्रतिष्ठान, बोडे भक्तपुर।

### छलफलका विषयहरु:

(क) **सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तमा समाप्त भएको आर्थिक बर्ष २०७५/२०७६ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, ईक्वटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु छलफल गरी पारित गर्ने।

(३) यस बैंकको सहायक कम्पनीहरु कोष ब्यवस्थापन कम्पनी लि. तथा गोबर ग्यास कम्पनी र सम्वद्ध कम्पनी साना किसान बिकास लघुवित्त वित्तीय संस्था को आ.ब. २०७५/०७६ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गर्ने।

(४) संचालक समितिको प्रस्ताव बमोजिम साधारण शेयरधनीहरुलाई बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित प्रति शेयर २४ प्रतिशत नगद लाभांश र अग्राधिकार शेयरधनीहरुलाई चुक्ता पुँजीको ६ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।

(५) आर्थिक वर्ष २०७६/०७७ को लागि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस बैंकको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने।

(ख) **विशेष प्रस्तावहरु :**

(१) साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ६ प्रतिशत वोनस शेयर प्रदान गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने।

(२) विशेष प्रस्ताव नं. (१) बमोजिमको वोनस शेयर प्रस्ताव गरिएकोमा सो हदसम्म बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने विषयहरु समावेश गरिएको बैंकको प्रबन्धपत्र र नियमावलीको तत्सम्बन्धि दफा/नियम एवं उप-दफा/ उप-नियमहरु संशोधन तथा थप गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।

(३) बैंकको प्रबन्धपत्रको दफा ५ को उप-दफा (१), (२) र (३) तथा दफा ७ को उप-दफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव स्वीकृत गर्ने।

(४) बैंकको नियमावलीको नियम ५ को उप-नियम (१), (२) र (३), नियम ७ को उप-नियम (१) को (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव स्वीकृत गर्ने।

(५) प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने।

कम्पनी सचिव
कृषि विकास बैंक लि.

## (ग) विविध

### वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारी

(१) बैंकको तेह्रौ वार्षिक साधारणसभा तथा नगद/स्टक बोनस प्रयोजनका लागि मिति २०७६/०९/१३ देखि २०७६/०९/२७ गते सम्म बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो मिति भन्दा अघिल्लो कार्य दिनसम्म कारोवार भई मिति २०७६/०९/२० गते भित्र यस बैकको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यो सभामा भाग लिन पाउने छन्।

(२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरको भौतिक प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्वर सहित सक्कल नागरिकताको प्रमाणपत्रसाथमा लिई आउनुहुन अनुरोध छ। शेयर अभौतिकीकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा डिम्याट खाता नम्वर र सक्कल परिचयपत्र प्रस्तुत गर्नु पर्नेछ। शान्ति-सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा यथाशक्य झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ।

(३) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्वन्धी अन्य जानकारीहरु यस बैंकको Website: *www.adbl.gov.np* मा समेत उपलब्धछ। साथै, यस सम्वन्धी विवरणहरु बैंकको मुख्य कार्यालय, रामशाहपथ काठमाडौं तथा शेयर रजिष्ट्रार NIBL ACE CAPITAL LIMITED, लाजिम्पाट, काठमाण्डौबाट समेत शेयर प्रमाणपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नुहुनेछ।

(४) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्वन्धमा संचालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ।

(५) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु हुन अनुरोधछ।

(६) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा ४ (चार) दिन अर्थात ९६ घण्टा अगावै बैंकको कम्पनी सचिवालयमा कार्यालय समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ। एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरेको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ। तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ। एक भन्दा बढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन।

(७) नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउँनेछन्।

(८) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वत: बदर हुनेछ।

(९) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस बैंकको शेयर खरिद गरेको अवस्थामा बैंकको प्रवन्धपत्र तथा नियमावलीको अधीनमा रही त्यस्तो संगठित संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनीत गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ।

(१०) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान १०:०० बजेदेखि खुला रहने छ। शेयरधनी नम्बरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरुले आफनो शेयरधनी नम्वर वा BOID नम्बर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध छ।

(११) यस सम्वन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको मुख्य कार्यालय रामशाहपथ, काठमाडौं स्थित कम्पनी सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं।
फोन नं. ०१-४२६४०१६

कम्पनी सचिव
कृषि विकास बैंक लि.